3/20/26, 10:26 AM IMG-20260320-WA0000.jpg

नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्या :
चलानी नं.:

सिंहदरबार, काठमाडौं
नेपाल ।

## सतर्कताका लागि हार्दिक अनुरोध

जल तथा मौसम विज्ञान विभागबाट जारी आगामी तीन दिनको मौसम पूर्वानुमानअनुसार चैत्र ६ गते शुक्रबार दिउँसो कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी र हिमाली क्षेत्रका एक-दुई स्थानमा भारी वर्षा एवं हिमपातको सम्भावना छ। साथै, शुक्रबारबाटै दाङ र नेपालगञ्जसहित लुम्बिनी प्रदेशका तराई क्षेत्रका आसपासका जिल्लामा तथा पर्सि शनिबार पूर्वी क्षेत्रका विराटनगर, धनकुटा र धरान आसपासका जिल्लामा तीव्र हावाहुरी (झण्डै ११९ किलोमिटर प्रतिघण्टा) चल्ने सम्भावना रहेको छ।

प्रि-मनसुनको अवधि पनि रहेकोले तीव्र हावाहुरीका कारण रुख ढल्ने, कमजोर संरचना र छाना उड्ने, विद्युत तथा सञ्चार सेवा प्रभावित हुने लगायतका जोखिम रहन्छ। पछिल्ला केही दिन हावाहुरीका घटनाका कारण मानिसहरुको मृत्यु तथा घाइते भएका छन्।

उल्लिखित स्थानमा बसोबास तथा यात्रा गर्ने नागरिकले विशेष सतर्कता अपनाउनु हुन, विशेष काम नपरी यात्रामा ननिस्कनु हुन, हावाहुरी चलेका बेला घरको झ्यालढोका राम्रोसँग बन्द गर्नु हुन, आगोका स्रोतहरु बन्द गर्न, सवारी साधन चलाइरहेको भए रोकेर सुरक्षित स्थानमा बस्न, भिडभाडमा भए नआत्तिन, भागदौड नगरी बिस्तारै सुरक्षित स्थानमा जान प्राधिकरण सबैमा हार्दिक अनुरोध गर्दछ।

हावाहुरी चलेका बेला कमजोर संरचना, अग्ला रुख, टेलिफोन र बिजुलीको खम्बा तथा तार मुनि नबस्नु हुन, बिजुलीको तार लत्रिएको छ भने नछुनु हुन, सो समयमा विद्युतीय उपकरण नचलाउनु हुन एवं जोखिमयुक्त स्थानमा नबस्नु हुन पनि आग्रह गर्दछौं।

यसका साथै जल तथा मौसम विज्ञान विभागबाट जारी हुने मौसम सम्बन्धी पूर्वानुमान र यस प्राधिकरणबाट जारी हुने सूचना नियमित रुपमा जानकारीमा राखी आवश्यक सतर्कता अपनाउनु हुन समेत अनुरोध छ।

*मिति: २०८२/१२/०५ गते, बिहीबार*

(रामबहादुर के.सी.)

उपसचिव

बिपद् प्रतिकार्य शाखा

# ग्रामथान गाउँपालिका
# Gramthan Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office Of Rural Municipal Executive

पत्र संख्या : २०८२/०८३
Ref.No :2082/083
चलानी नं. २०८९

तेतरिया,मोरङ्
Tetariya,Morang
कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal


मितिः२०८२।१२।०६ गते
ने.स. ११४६

श्रीमान् वडा अध्यक्ष ज्यू
वडा समितिको कार्यालय सबै वडा नं.१-७
ग्रामथान गाउँपालिका

विषयः सतर्कताका लागि सूचना टाँस गर्ने सम्वन्धमा।

प्रस्तुत विषयमा नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार काठमाण्डौं नेपालका प्राप्त पत्रानुसार जल तथा मौसम विज्ञान बिभागवाट जारी हुने मौसम सम्वन्धी पूर्वानुमान प्राविधिकबाट जारी हुने सूचना नियमित रुपमा जानकारीमा राखि आवश्यक सतर्कता अपनाउनु हुन लेखि आएको हुँदा ताहाँ वडा कार्यालय अन्तर्गतका जनसमुदायमा सतर्कता अपनाउनका लागि सूचना प्रवाह गरी दिनुहुन अनुरोध गरिन्छ।

बोधार्थ

४. गाउँपालिका अध्यक्ष ज्यू जानकारीका लागि अनुरोध गरिन्छ।
५. गाउँपालिका उपाध्यक्ष ज्यू जानकारीका लागि अनुरोध गरिन्छ।
६. सूचना प्रविधि शाखा. Web siteमा अपलोड गरिदिनुहुन।

२०८२/१२/६
मुरारी प्रसाद गिरी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष